# गाउँ कार्यपालिकाको कार्यालय

## रुपनी, सप्तरी

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित: २०७६/०३/०३गते**

यस रुपनी गाउँपालिकाको चालु आ.ब. ०७५/०७६ को लागी तपसिल बमोजिमको सामग्री सार्वजानिक खरिद ऐन २०६३ को दफा ४० तथा सार्वजानिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम शिलबन्दी दरभाउपत्र विधिबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीले तपसिल बमोजिमको शर्तको अधिनमा रही तपसिल बमोजिमका सामग्रीको लागि शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरु:**

१. दरभाउपत्र यस रुपनी गाउँपालिकाबाट सूचना प्रकाशित भएको मितिले १४ औं दिनको १२ बजे सम्म रु.१०००।- (एकहजार रुपैया मात्र) तिरी खरिद गर्न सकिनेछ।

२. बिक्रेताहरुले आ-आफ्नो फर्म दर्ता प्रमाणपत्र, एजेन्सी दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी समावेश गर्नुपर्नेछ।

३. सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र शिलबन्दी दरभाउ पत्र दर्ता गरिसक्नु पर्नेछ र दरभाउ पत्र दर्ताको अन्तिम दिनको लगत्तै कार्यालय खुल्ने अर्को दिनको १२:०० बजे दरभाउपत्र पेश गर्ने फर्मको प्रतिनिधिको रहोबरमा खोलिनेछ तर फर्मको प्रतिनिधिको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

४. शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ। शिलबन्दी दरभाउपत्र साथ धरौटी बापतको रकम यस गाउँपालिका कार्यालयको जनता बैंक नेपाल ली. रुपनीको धरौटी खाता नं. **११२००९०६१३७२२०५** मा जम्मा गरेको सक्कलै भौचर वा दरभाउपत्र दाखिला गर्ने मिति देखी ७५(पचहत्तर) दिनको मान्यता भएको नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक ग्यारेन्टी पेश गर्नुपर्ने छ।

५. दररेट पेश गर्दा मु.अ. कर बाहेकको दर रेट पेश गर्नुपर्ने र दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ साथै केरमेट भएको ठाउँमा दस्तखत भएको हुनुपर्नेछ।

६. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र अर्कै फर्मको नाममा दर्ता गर्न पाईने छैन र दरभाउपत्रको सबै पानामा प्रस्तावदाताले दस्तखत र छाप नलगाएको रित नपुगी दर्ता भएको दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन।

७. यस खरिद सम्बन्धि दरभाउपत्र स्वीकृत गर्ने, अंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार कार्यालयमा निहित रहनेछ।

८. यसमा उल्लेख गरिएको बाहेकका अन्य कुरा सार्वजानिक खरिद ऐन, २०६३ तथा खरिद नियमावली, २०६४ बमोजिम हुनेछ।

**तपसिल:**

| ठेक्का नं. | विवरण | दरभाउपत्र दस्तुर | जमानत रकम रु. | दरभापत्र खरिद गर्नुपर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| ५ ०७५/०७६ | इलेक्ट्रोनिक्स सामानहरु( CCTV) खरिद तथा जडान | १०००। | ६५००० | २०७६/०३/०९ गते | २०७६/०३/१० गते |

ललन कुमार यादव
प्रमुख प्रशासकीय अधिकृत